# नेपाल सरकार
# अर्थ मन्त्रालय

पत्र संख्याः- बजेट प्रशासन-१०-२०८१।८२
च. नं.:-४५०

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०८१/१०/२८

**विषयः <u>बजेट रोक्का सम्बन्धमा</u>।**

**प्रिय सहकारीज्यू,**

मुलुकको विद्यमान शिथिल आर्थिक गतिबिधि, गत आर्थिक वर्षदेखि नै ऋणात्मक रहेको संघीय सञ्चित कोषको अवस्था लगायतका कारण चालु आर्थिक वर्षको प्रथम छ महिनासम्म पनि संघीय सञ्चित कोष ऋणात्मक नै रहेको छ। गत आर्थिक वर्ष पश्चिम नेपालमा गएको भुकम्प तथा चालु आर्थिक वर्षको मनसुनजन्य विपद्का कारण आकस्मिकरुपमा सिर्जना भएको थप दायित्वले गर्दा सञ्चित कोषमा अत्याधिक दबाब परेको अवस्था छ।

त्यसैगरी, विगत आर्थिक वर्षमा सिर्जित दायित्व समेत चालु आर्थिक वर्षमा फरफारक गर्नुपर्ने कारण सञ्चित कोषमा थप दबाव सिर्जना भएको छ। राजस्व संकलनमा संकुचन आएको, अपेक्षितरुपमा अन्तर्राष्ट्रिय सहायता प्राप्त हुन नसकेको तथा नेपाली मुद्रा अमेरिकी डलरसँग कमजोर भएको कारण चालु खर्च एवम् वैदेशिक ऋणको सावाँ ब्याज भुक्तानी गर्न विनियोजित बजेट नै अपर्याप्त हुने अवस्था सिर्जना भएको छ। प्रस्तुत सन्दर्भमा सार्वजनिक खर्चलाई पुनः प्राथमिकीकरण गरी राष्ट्रिय गौरवका आयोजना तथा रोजगारी सिर्जना एवम् पूँजी निर्माणमा महत्वपूर्ण योगदान गर्ने आयोजना तथा कार्यक्रम लगायत अत्यावश्यक कार्यका लागि स्रोतको व्यवस्थापन गर्न आवश्यक देखिएको छ। अतः विनियोजन ऐन, २०८१ बमोजिम चालु आर्थिक वर्षको बजेटमा समावेश गरिएका कतिपय शीर्षकको खर्च कटौति गर्नुपर्ने अवस्था रहेको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट स्वीकृत भई कार्यान्वयनमा आएको सार्वजनिक खर्चलाई मितव्ययी एवम् प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ लाई कार्यान्वयन गर्ने विषय समेतलाई दृष्टिगत गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (५) बमोजिम सार्वजनिक भएको आर्थिक वर्ष २०८१/८२ को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनको आधारमा सो ऐनको दफा २१(१) बमोजिम आवश्यकताको आधारमा अर्थ मन्त्रालयले विनियोजित रकम पूर्ण वा आंशिकरुपमा रोक्का वा नियन्त्रण गर्न सक्ने कानूनी प्रावधान अनुरुप मिति २०८१/१०/२७ को (माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्रीस्तरीय) निर्णयानुसार देहाय बमोजिम खर्च कटौती तथा रोक्का गरिएको हुँदा सोही बमोजिम गर्ने व्यवस्थाको लागि हार्दिक अनुरोध छ। साथै, विगतमा जस्तै चालु आर्थिक वर्षमा समेत यहाँको साथ र सहयोग प्राप्त हुने विश्वास लिएको छु।

सचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय

पत्र संख्याः-
च. नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## तपसिल

- चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनको परिच्छेद-८ को बूँदा नं.८.१.१ अनुसार चालु खर्च (अनिवार्य दायित्व बाहेक) तथा पुँजिगत खर्चतर्फ विनियोजित नेपाल सरकार स्रोततर्फको रकममध्ये हालसम्म खर्च भई बाँकी रकमको २५ प्रतिशत रोक्का राख्ने व्यवस्था बमोजिम देहाय बमोजिमका खर्च शिर्षक अन्तर्गत विनियोजित बजेटमध्ये बाँकी रकमको २५ प्रतिशत रकम रोक्का गरिएकोले चालु आ.व.मा विनियोजित बजेट खर्चलाई सोही अनुरुप समायोजन गर्ने।

| खर्च शीर्षक नं. | खर्च शीर्षक |
|---|---|
| २२५११ | कर्मचारी तालिम खर्च (तालिम केन्द्र र प्रतिष्ठानबाट सञ्चालन हुने बाहेक मात्र) |
| २२५२२ | कार्यक्रम खर्च |
| ३११२२ | मेशिनरी तथा औजार |
| ३११२३ | फर्निचर तथा फिक्स्चर |
| ३११३५ | पुँजीगत परामर्श |

- चालु आर्थिक वर्षको बाँकी अवधिमा राजस्व प्राप्तिमा हुने सुधार तथा खर्चको आवश्यकताको आधारमा बजेट रोक्का तथा नियन्त्रणमा पुनरावलोकन गर्न सकिने।

(डा. राम प्रसाद घिमिरे)
सचिव

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय।

**सादर अवगतार्थः**

माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्रीज्यूको सचिवालय,
अर्थ मन्त्रालय।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np